# जातीय समानता प्रवर्द्धन सम्बन्धी विद्यमान र सुनियोजित उपायहरू

## नागरिक सेवा ब्यूरो

नागरिक सेवा ब्यूरो (CSB) ले अपोइन्टमेन्ट, सेवाको भुक्तानी तथा अवस्था, कर्मचारी व्यवस्थापन, जनशक्ति योजना, तालिमम र अनुशासन जस्ता कुराहरू लगायत नागरिक सेवाको व्यवस्थापनका लावग नीवत बनाउने समग्र जिम्मेवारी वहन गर्दछ।

नागरिक सेवाको नियुक्ति खुल्ला तथा निष्पक्ष प्रतिस्पर्धाको सिद्धान्तमा आधारित छ। खुला भर्ना प्रक्रियामा सबै उम्मेदवारहरूलाई सम्बवन्धत ग्रेडको रोजहारी मापदण्ड अनुसार तय गरिएका पूर्व-निर्धारित प्रवेश मापदण्डहरूलाई ध्यानमा राख्दै उनीहरूको क्षमता, कार्यसम्पादन र गुणको आधारमा मूल्याङ्कन गरिन्छ। चुनाव प्रक्रियामा जातिको बारेमा विचार गरिने छैन।

विद्यमान उपायहरू

- गैर-जातीय चिनियाँ (NEC) का लागि रोजगारीका अवसरहरूमा समान अवसर उपलब्ध गराउन विभिन्न पृष्ठभूमिका प्रतिभाहरूलाई सरकारमा सामेल हुन दिन सरकारले नागरिक सेवा ग्रेडहरूको भाषा प्रवीणता प्रवेश आवश्यकताहरूको समय-समयमा समीक्षा गर्नेछ। हाल, 50 भन्दा बढी ग्रेडहरूले आफ्नो चिनियाँ भाषा प्रवीणता प्रवेश आवश्यकता (LPR) लाई समायोजित गरेका छन्।

- हामी नियमित रूपमा शासित क्षेत्रभित्र रहेका गृह प्रशासन विभागका (HAD) जातीय अल्पसङ्ख्यकहरू सहायता सेवा केन्द्र, श्रम विभागका (LD) रोजहार केन्द्र, जातिगत विविधता रोजगार कार्यक्रम र Youth.gov.hk वेबपेजमा "गैर-जातीय चिनियाँहरूका लागि कामको स्थानर" अन्तर्गत LD द्वारा आयोगमा गैर-सरकारी संगठनहरू मार्फत तुलनात्मक रूपमा थोरै चिनियाँ LPRs सहितका नागरिक सेवाका रिक्त पदहरूका बारेमा जानकारी सम्प्रेषण गर्दछौं।

- 2019 देखि, CSB ले युवा NEC हरुलाई कार्य अनुभव प्राप्त गर्न र रोजगारी खोज्ने प्रतिस्पर्धालाई अझ सक्षम बनाउन सक्षम बनाउका लागि NEC विद्यार्थीहरूका लागि इन्टर्नशिप कार्यक्रम आयोजना गरेको छ। लगभग आठ हप्ता सम्म चलेको इन्टर्नशिपका लागि NEC इन्टर्नर्सलाई बिभिन्न B/Ds मा राखिने छ।

- CSB अन्तर्गत निजामती सेवा कलेजले समान अवसर आयोगसँग संयुक्त रूपमा ई-शिक्षा स्रोतहरू विकास गरेको छ। स्रोतहरूले निजामती कर्मचारीहरूको सांस्कृतिक संवेदनशीलतालाई बढाउन जातीय विविधता र समावेशी र समान अवसरका विषयहरू समावेश गर्दछ।

| | |
|---|---|
| | • CSB को आधिकारिक भाषा विभागले सार्वजनिक निकायहरूलाई सन्दर्भको लागि विशेष गरी चिनियाँ र अङ्ग्रेजी भाषामा कागजातहरू अनुवाद गर्ने अनुवाद फर्महरूको सूची र स्वतन्त्र अनुवादकहरूको सूची कायम राख्दछ। सार्वजनिक निकायहरूले अन्य भाषाहरूमा अनुवाद वा दोभाषे सेवाहरू लिनु अघि अनुवाद फर्महरू वा स्वतन्त्र अनुवादकहरूका सेवाको क्षेत्र सुनिश्चित गर्न सक्छन्। |
| भावी आर्यको मूल्याङ्कन | • CSB ले उपयुक्तता अनुसार विद्यमान उपायहरू कार्यान्वयन गर्न र परिमार्जन गर्न विचार जारि राख्दाछ। |
| अपनाइएका/अपनाउनु पर्ने अतिरिक्त उपायहरू | • निजामती सेवा जागिर आवेदकहरूका भाषा प्रवीणताको सम्बन्धमा नियुक्ति आवश्यकता पूरा गर्न थप तरिका प्रदान गर्न विभागहरुले उपयुक्तता अनुसार व्यक्तिगत ग्रेडको आवश्यकताहरु अनुसार तिनीहरूको आफ्नै काम-उन्मुख भाषा परीक्षा डिजाइन गर्न सक्छन्।<br><br>सरकारले भर्ना कार्यलाई तीव्रता दिनेछ ताकी विभिन्न पृष्ठभूमिका प्रतिभाहरू (NEC सहित) ले थप प्रत्यक्ष र प्रभावकारी तरिकामा सरकारी आवश्यकता जानकारी प्राप्त गर्न सकुन्। |

जातीय समानता प्रवर्द्धनको सम्बन्धमा विद्यमान र सुनियोजित उपायहरूका बारेमा सोधपुछका लागि, कृपया निम्न च्यानलहरू मार्फत प्रमुख कार्यकारी अधिकृत (प्रशासन), Ms Carmen SIU लाई सम्पर्क गर्नुहोस् –


| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2810 3090 |
| फ्याक्स नम्बर: | : | 2868 5069 |
| इमेल | : | csbts@csb.gov.hk |
| हुलाक ठेगाना | : | नागरिक सेवा ब्यूरो<br>व्यवस्थापन विभाग<br>9/F, वेस्ट विङ्ग, केन्द्रिय सरकारी कार्यालय,<br>2 Tim Mei Avenue, Tamar,<br>हङकङ |


**नागरिक सेवा ब्यूरो**
**मे 2024**